annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २३२, पृष्ठ १२ | काठमाडौं, बुधबार १६ पुस २०८२ | पौष शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४६ | WEDNESDAY, DECEMBER 31, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

अन्नपूर्ण एक्सक्लुसिभ

# खर्च लुकाउने प्रदेशसभाका १,४३५ उम्मेदवार पनि चुनाव लड्न नपाउने



२०७९ को निर्वाचनमा प्रदेशसभामा उम्मेदवार बनेका तर चुनावी खर्चको विवरण लुकाएका १ हजार ४ सय ३५ जना उम्मेदवार यसपटक चुनाव लड्न नपाउने भएका छन् । चुनावी खर्च नबुझाएका वा बुझाएर पनि सार्वजनिक नगरेका उम्मेदवारलाई आयोगले कालोसूचीमा राखेको छ । जसमा ३७ जनाले चुनावी खर्च विरण पेस गरेका छैनन् भने १,३९८ जनाले पेस गरे पनि सार्वजनिक नगरेको आयोगको भनाइ छ । प्रदेशसभा निर्वाचन ऐन, निर्वाचन आयोग ऐन र निर्वाचन कसुर र सजाय ऐनअनुसार खर्च विवरण लुकाएकालाई चुनावमा रोक लगाइएको आयोगले जनाएको छ ।

**राजकरण महतो** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार २,५,६ पृष्ठ

### प्रदेशसभा सदस्य निर्वाचन २०७९ को खर्च विवरण पेश नगर्ने उम्मेदवारहरू

| क्षेत्र | उम्मेदवारको नाम | राजनीतिक दल |
|---|---|---|
| उदयपुर १ | सुरेश ढकाल | हाम्रो नेपाली पार्टी |
| धनकुटा २ | जीतेन्द्र राई | स्वतन्त्र |
| सुनसरी १ | भीम बहादुर लिम्बु | राप्रपा नेपाल |
| सुनसरी २ | कासीराम चौधरी | स्वतन्त्र |
| सुनसरी २ | मनोज कुमार रौनियार | स्वतन्त्र |
| सुनसरी १ | विशेश्वर सदा | नेपाल लोकतान्त्रिक पार्टी |
| धनुषा १ | जगदिश यादव | स्वतन्त्र |
| धनुषा २ | राज कुमार मण्डल | राप्रपा |
| धनुषा २ | राज कुमार सहनी | पिछडावर्ग निषाद दलित जनजाती पार्टी |
| धनुषा २ | कासिन्द्र यादव | स्वतन्त्र |
| धनुषा २ | बाल मुकुन्द कुमार कर्ण | स्वतन्त्र |
| पर्सा १ | रवि प्रसाद गुप्ता | स्वतन्त्र |
| पर्सा १ | मनोज प्रसाद यादव | नेपाल लोकतान्त्रिक पार्टी |
| पर्सा १ | किसुन राउत अहिर | स्वतन्त्र |
| पर्सा २ | शेखर वहादुर सिंह | स्वतन्त्र |
| पर्सा १ | लखु साह तेली | स्वतन्त्र |
| पर्सा १ | जरी लाल थिङ लामा | स्वतन्त्र |
| पर्सा १ | शेषनाथ महतो नुनिया | जनमत पार्टी |
| पर्सा २ | सेमराज राउत अहिर | नेपाली जनता दल |
| पर्सा २ | चाँद तारा कुमारी | नेकपा (माओवादी केन्द्र) |
| बारा २ | भुलन सिंह राजपुत | नेपाल सद्भावना पार्टी |
| बारा १ | महेन्द्र प्रसाद थारु | स्वतन्त्र |
| महोत्तरी २ | माधव कुमार मुक्तान | स्वतन्त्र |
| महोत्तरी १ | राश लाल सिंह | जनमत पार्टी |
| महोत्तरी २ | ज्ञानेन्द्र कुमार मिश्र | नेपाल जनता पार्टी |
| सप्तरी १ | रजत सिंह | स्वतन्त्र |
| सप्तरी १ | सत्य नारायण मुखिया | जनता प्रगतिशिल पार्टी, नेपाल |
| सर्लाही २ | रुप बहादुर स्याङ्वा | मंगोल नेशनल अर्गनाइजेसन |
| काठमाडौं १ | द्धारिका ढुङ्गाना | राप्रपा नेपाल |
| काठमाडौं २ | वालकृष्ण श्रेष्ठ | नेकपा (एकिकृत समाजबादी) |
| काठमाडौं २ | बिजय थापा | राप्रपा नेपाल |
| काठमाडौं १ | सर्वज्ञ बज्राचार्य | स्वतन्त्र |
| रामेछाप १ | सुरेश बस्नेत | नेकपा (मार्क्सवादी लेनिनवादी) |
| रामेछाप २ | प्रताप तामाङ | जनसमाजवादी पार्टी नेपाल |
| सिन्धुली १ | अन्पु अधिकारी | स्वतन्त्र |
| कास्की २ | धन बहादुर परियार | जसपा, नेपाल |
| बैतडी २ | रेवती बोहरा | नागरिक उन्मुक्ति पार्टी |

## पुराना दलको पुरानै पारा, नयाँले समेटे अधिकांश नयाँ

**राधा खनाल** | *काठमाडौं*

कांग्रेस र एमालेले पटक-पटक अवसर पाइसकेकालाई प्रतिनिधिसभाको समानुपातिकतर्फ उम्मेदवार बनाएका छन्। निर्वाचन आयोगमा दलहरूले बुझाएका समानुपातिकतर्फका बन्दसूचीमा आफन्त, नातागोता र अवसर पाइसकेकालाई समानुपातिकको उम्मेदवार बनाएका छन्। नेपाली कम्युनिस्ट पार्टी र रास्वपालगायतका दलले भने अधिकांश नयाँ अनुहारलाई समेट्ने प्रयास गरेका छन्।

कांग्रेसले अर्जुन नरसिंह केसी, भीष्म आङदम्बे, भीमसेन दास प्रधानलाई समानुपातिक उम्मेदवार बनाएको छ। कांग्रेसले मंगलबार बुझाएको सूचीमा पूर्वराष्ट्रपति रामवरण यादवका छोरा र वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलकी छोरी संज्ञा पोखरेल पौडेललाई पनि समानुपातिकतर्फको उम्मेदवार बनाएको छ।



प्रतिनिधिसभा सदस्यका लागि कांग्रेसले निर्वाचन आयोगमा बुझाएको सूचीमा संज्ञाको पनि नाम रहेको छ। उनी कास्कीबाट प्रतिनिधित्व गर्छिन्। उनी नेपाल महिला संघको राजनीतिमा सक्रिय रहँदै आएकी छिन्। कांग्रेसले ०६४, ०७०, ०७४ र ०७९ को चुनावमा समानुपातिक सांसद भएकालाई भने यसपटक समानुपातिक उम्मेदवार बनाएको छैन।

एमालेले विगतका आमनिर्वाचनमा समानुपातिकमा अवसर पाएकालाई अपवादबाहेक नदोहोर्‍याउने नीति लिएको थियो। तर, यसपटक पनि वरिष्ठ नेता र पहिले अवसर पाइसकेकालाई समानुपातिकमा दोहोर्‍याएको छ। एमालेले उपाध्यक्ष रामबहादुर थापासहित विगतमा समानुपातिकबाट सांसद भइसकेका कोमल वली, निरु पाल, शान्ता चौधरीलगायतलाई समानुपातिक सांसदका उम्मेदवार बनाएर आयोगमा सूची बुझाएको छ। यद्यपि, समानुपातिकतर्फका उम्मेदवारको एमाले सूची पूर्णरूपमा सार्वजनिक भएको छैन।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्दसूचीमा व्यावसायिक घराना, सेलिब्रेटी तथा स्थापित प्रभावशाली अनुहारहरूको वर्चस्व देखिएको छ। १ सय १० जनाको सूचीमा उद्योग-व्यवसायदेखि मनोरञ्जन क्षेत्रका चर्चित नामहरूको बाक्लो उपस्थिति छ।

नयाँ दलले मात्रै नभई पुरानाले पनि यसपटक समानुपातिकतर्फ उम्मेदवार छनोटमा केही सुधार गरेकाले नयाँ अनुहार सूचीमा परेका हुन्। दलहरूले जेन-जी आन्दोलनलाई सम्बोधन गर्न अवसर नपाएका, नयाँ तथा युवा प्रतिनिधित्वलाई प्राथमिकतामा राखेर उम्मेदवार छनोट गरेका छन्।

## बंगलादेशकी पूर्वप्रधानमन्त्री खालिदा जियाको निधन



ढाका (एजेन्सी) : बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री खालिदा जियाको ८० वर्षको उमेरमा निधन भएको छ। उनको पार्टी बंगलादेश नेशनलिस्ट पार्टी (बीएनपी) ले मंगलबार बिहान उनको निधन भएको पुष्टि गरेको हो।

बीएनपीद्वारा जारी विज्ञप्तिमा खालिदा जियाको मंगलबार बिहान ६ बजे (स्थानीय समय) निधन भएको हो। 'हाम्रा प्रिय राष्ट्रिय नेतृ अब हामीबीच रहनुभएन', विज्ञप्तिमा भनिएको छ, 'उनको आत्माको शान्तिका लागि प्रार्थना गर्न सबैलाई अनुरोध गर्दछौं।'

खालिदाको निधनपछि बंगलादेश सरकारले तीन दिनको राजकीय शोक घोषणा गरेको छ। अन्तरिम सरकारका कानुन मामिला सम्हालिरहेका आसिफ नज्रुलका अनुसार खालिदाको अन्त्येष्टि बुधबार गरिनेछ। दिउँसोको नमाजपछि संसद् भवनअगाडि जनाजाको नमाज पढाइनेछ र त्यसपछि उनका स्वर्गीय पति, सन् १९८१ मा हत्या गरिएका पूर्वराष्ट्रपति जियाउर रहमानको समाधिसँगै उनको दाहसंस्कार गरिनेछ। ढाकास्थित एभरकेयर अस्पतालमा उपचारका क्रममा खालिदाको निधन भएको हो। उनी नोभेम्बर २३ मा फोक्सोमा संक्रमणका लक्षण देखिएपछि अस्पताल भर्ना भएकी थिइन्।

खालिदा जियाको निधनसँगै तीन दशकभन्दा लामो समयसम्म बंगलादेशी राजनीतिमा प्रभुत्व जमाएकी 'लडाकु बेगम' भनेर चिनिने खालिदा जिया र शेख हसिनाबीचको युगको अन्त्य भएको छ। उनकी प्रतिद्वन्द्वी शेख हसिना गत वर्ष सत्ताच्युत भई विद्यार्थी आन्दोलनमाथिको दमनका कारण मृत्युदण्डको सजाय सुनाइएपछि हाल भारतमा निर्वासनमा बसिरहेकी छन्।

बंगलादेशका अन्तरिम नेता मोहम्मद युनुसले सामाजिक सञ्जाल एक्समार्फत खालिदाको निधनप्रति 'गहिरो दुःख' व्यक्त गरेका छन्।

## समानुपातिकतर्फ ६४ दल मात्रै, ३,४२४ उम्मेदवार

**राजकरण महतो** | *काठमाडौं*

प्रतिनिधिसभा निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० सिटका लागि कुल ३ हजार ४ सय २४ जना उम्मेदवार बनेका छन्। निर्वाचन आयोगका अनुसार समानुपातिक निर्वाचनमा भाग लिन स्वीकृति पाएका १०० राजनीतिक दलमध्ये ६४ दलले मात्र समानुपातिकका उम्मेदवारको बन्दसूची पेस गरेका छन्। ३६ दलले उम्मेदवारको बन्दसूची नै पेस गरेनन्।

आयोगका सहसचिव एवं प्रवक्ता नारायण भट्टराईका अनुसार फागुन २१ गते निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले आइतबार र सोमबार गरी दुई दिन बन्दसूची पेस गर्ने समय दिएको थियो।

यद्यपि, धेरैजसो दलहरूले सोमबार राति र मंगलबार बिहानसम्म निर्वाचन अधिकृतको कार्यालयमा बन्दसूची बुझाएका थिए। उम्मेदवार छनोटमा दलभित्र देखिएको आन्तरिक किचलो, पार्टी एकता तथा गठबन्धनसम्बन्धी अन्योलका कारण ठूला दलहरूले समेत बन्दसूची बुझाउन ढिलाइ गरेका थिए। कतिपय दलले रातभर निर्वाचन आयोगका कोठा-कोठामा छलफल गरी उम्मेदवारको नाम टुंग्याएर बन्दसूची तयार गरेका थिए।

**५८ वटा निर्वाचन चिह्न प्रयोग हुने**

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता भट्टराईका अनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फ ५८ वटा निर्वाचन चिह्न प्रयोग गरेर ६४ वटा दलले बन्दसूची बुझाएका छन्। तीमध्ये ५४ दलले आआफ्नै छुट्टाछुट्टै निर्वाचन चिह्न प्रयोग गरेका छन् भने १० दलले ४ वटा निर्वाचन चिह्न साझा रूपमा प्रयोग गरी बन्दसूची दर्ता गराएका छन्।

आयोगले बन्दसूचीमाथि छानबिनपछि उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गर्ने जनाएको छ। स्वीकृत निर्वाचन कार्यक्रमअनुसार माघ २० गते बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म अन्तिम बन्दसूची प्रकाशन गरिनेछ। मतदान भने फागुन २१ गते बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा हुनेछ।

संविधान तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ (५) अनुसार समानुपातिक बन्दसूची तयार गर्दा दलित, आदिवासी जनजाति, खस-आर्य, मधेसी, थारू, मुस्लिमलगायत समुदायको जनसंख्याका आधारमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। आयोगले दलहरूलाई बन्दसूची सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नसमेत निर्देशन दिएको छ।



**उम्मेदवारको बन्दसूची बुझाउन निर्वाचन आयोग पुगेका दलका नेताहरू ।** ● सुनिता डंगोल

**१०० दलमध्ये ६४ मात्रै किन मैदानमा ?**

निर्वाचन विज्ञहरूका अनुसार समानुपातिक निर्वाचन प्रणाली सबै समुदायको पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यले लागू गरिएको हो। तर, व्यवहारमा यो प्रणाली सबै दलका लागि समान रूपमा सहज देखिँदैन। वरिष्ठ अधिवक्ता सुरेन्द्रकुमार महतोका अनुसार कानुनले दल दर्ता भएकै आधारमा समानुपातिकतर्फ अनिवार्य रूपमा उम्मेदवार उठाउनुपर्ने बाध्यता तोकेको छैन। 'उम्मेदवार नउठाउनु कानुनी उल्लंघन होइन, यो दलको रणनीतिक निर्णय हो,' उनी भन्छन्।

राजनीतिक विश्लेषक डा. विजयकुमार मिश्रका अनुसार समानुपातिक बन्दसूची तयार गर्दा संविधानले तोकेको समावेशी मापदण्ड पूरा गर्न साना दलहरूलाई योग्य र सन्तुलित उम्मेदवार खोज्न कठिन हुन्छ। त्यसका साथै प्रचार-प्रसार, संगठन विस्तार र व्यवस्थापन खर्चको भारले पनि आर्थिक रूपमा कमजोर दलहरू चुनावी प्रतिस्पर्धाबाट पछि हट्ने गरेका छन्।

कानुनी व्यवस्थाअनुसार कुनै दलले राष्ट्रिय दलको मान्यता प्राप्त गर्न प्रत्यक्षतर्फ कम्तीमा एक सिट र समानुपातिकतर्फ कुल मतको ३ प्रतिशत प्राप्त गर्नुपर्ने हुन्छ। कमजोर संगठन र सीमित स्रोत भएका दलहरूले यो थ्रेसहोल्ड पार गर्न नसक्ने ठानेर चुनाव नै नलड्ने रणनीति अपनाउने गरेको विश्लेषकहरू बताउँछन्।

कतिपय दलहरू चुनाव जित्ने उद्देश्यभन्दा पनि कानुनी अस्तित्व जोगाउन, भविष्यमा गठबन्धनमा स्थान सुरक्षित गर्न वा राजनीतिक सौदाबाजीका लागि मात्र दर्ता हुने तर सक्रिय निर्वाचन प्रक्रियामा सहभागी नहुने गरेको प्रवृत्ति नयाँ नभएको उनीहरूको ठम्याइ छ। नेतृत्व विवाद, उम्मेदवार छनोटमा मतभेद र समयमै निर्णय लिन नसक्नु पनि धेरै दल बन्दसूची पेस गर्न असफल हुनुका प्रमुख कारण बनेका छन्।